# राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा आ.ब. २०७३/७४ सम्मको प्रगति

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
अनुगमन तथा मूल्यांकन महाशाखा

कार्तिक, २०७४

# राष्ट्रिय गौरवका आयोजनाहरूको
# संक्षिप्त परिचय तथा
# आ.ब. २०७३/७४ सम्मको प्रगति

नेपाल सरकार

**राष्ट्रिय योजना आयोगको सचिवालय**

**अनुगमन तथा मूल्यांकन महाशाखा**

कार्तिक, २०७४

प्रकाशक : राष्ट्रिय योजना आयोगको सचिवालय
अनुगमन तथा मूल्यांकन महाशाखा
प्रकाशन प्रति : १०००
प्रकाशन मिति : कात्तिक २०७४
मुद्रण :

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.
मितिः ....................

# मन्तव्य

विकास आयोजनाहरु आवधिक योजनाले राखेका लक्ष्यहरु हासिल गर्ने प्रमुख माध्यम हुन् । संचालित आयोजनाहरु सबै नै महत्वपूर्ण हुने भए तापनि राष्ट्रिय महत्व एवम् योजनाको लक्ष्यका आधारमा तिनीहरुलाई प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । नेपाल सरकारले २१ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याएको छ । यी आयोजनाहरुलाई साधन विनियोजनमा प्राथमिकता, उच्च तहबाट नियमित निगरानी तथा सघन अनुगमन र कार्यान्वयन क्रममा आउने गरेका समस्याको पहिचान तथा समाधान गर्ने गरिएको छ। राष्ट्रिय योजना आयोगले पनि समय समयमा स्थलगत अनुगमन र प्रत्येक चौमासिकमा बस्ने राष्ट्रिय विकास समस्या समाधान उपसमिति तथा समितिका बैठकहरुमा यी आयोजनाहरुको प्रगति समीक्षा गर्ने र देखापरेका समस्याहरु समाधान गर्ने वा समन्वय गराउने गरेको छ । राष्ट्रिय गौरवका यी आयोजनाहरुको बारेमा सवै पक्षहरुलाई जानकारी गराउने उद्देश्यले यिनीहरुको अवस्थिति, उद्देश्य, समयावधि, लागत अनुमान, हालसम्मको प्रगतिको स्थिति, आयोजनाले कार्यान्वयन क्रममा झेल्नु परेका समस्याहरु आदि विषयहरुमा जानकारी गराउने उद्देश्यले यो पुस्तिका प्रकाशन गरिएको छ ।

यो प्रकाशनले यी राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयनलाई थप गति प्रदान गर्नुका साथै तिनीहरुलाई पूर्व निर्धारित परिमाण, गुणस्तर, समय र लागत भित्रै सम्पन्न गर्न मद्दत गर्ने अपेक्षा आयोगले राखेको छ । साथै, यस पुस्तिकाले आयोजना कार्यान्वयनका सम्बन्धमा चासो राख्ने धेरै सरोकारवालाहरुको जिज्ञासा मेटाउन सहयोग पुऱ्याउने मैले अपेक्षागरेको छु । अन्त्यमा, यो पुस्तिका तयार गर्न संलग्न आयोगको सचिवालयको अनुगमन तथा मूल्याङ्कन महाशाखाका सम्बद्ध कर्मचारीहरु र आवश्यक सूचनाहरु उपलव्ध गराउने सम्बद्ध मन्त्रालय तथा आयोजनाका कर्मचारीहरुलाई म यस अवसरमा धन्यबाद दिन चाहन्छु ।

कार्तिक, २०७४

**विष्णु प्रसाद लम्साल**
**सचिव**

फोनः ४२११०३२, ४२१११४३, ४२११००४, ४२११०५३, ४२११६२९ फ्याक्सः ९७७-१-४२११७००
इमेलः npcs@npc.gov.np, वेभसाईटः www.npc.gov.np

# विषय सूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि: | १ |
| २. | विकास आयोजनाहरुको प्राथमिकीकरण | १ |
| ३. | आयोजनाहरुको आ.व. ०७३/७४ र समष्टिगत भौतिक तथा ि वत्तीय प्रगति: | २ |
| ४. | राष्ट्रिय गौरवका आयोजनाको परिचय तथा प्रगति स्थिति: | ३ |
| ४.१ | सिक्टा सिंचाइ आयोजना | ३ |
| ४.२ | बबई सिंचाइ आयोजना | ५ |
| ४.३ | रानीजमरा कुलरीया सिंचाइ आयोजना | ६ |
| ४.४ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ८ |
| ४.५ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ९ |
| ४.६ | बुढीगण्डकी जलबिद्युत आयोजना | १० |
| ४.७ | पश्चिम सेती जलबिद्युत आयोजना | ११ |
| ४.८ | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | १२ |
| ४.९ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | १३ |
| ४.१० | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा | १५ |
| ४.११ | पशुपति क्षेत्र विकास कोष | १६ |
| ४.१२ | लुम्बिनी क्षेत्र विकास कोष | १७ |
| ४.१३ | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | १९ |
| ४.१४ | रेल्वे तथा मेट्रो विकास आयोजना | २१ |
| ४.१५ | हुलाकी लोकमार्ग | २२ |
| ४.१६ | उत्तर दक्षिण (कोशी) लोकमार्ग | २४ |
| ४.१७ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | २५ |
| ४.१८ | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना | २६ |
| ४.१९ | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | २७ |
| ४.२० | मेलम्ची खानेपानी आयोजना | २८ |
| ४.२१ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ३० |
| ५. | निष्कर्ष : | ३२ |

## १. पृष्ठभूमिः

नेपाल सरकारले पहिलोपल्ट आ.व. ०६८/६९ देखि विभिन्न दृष्टिले महत्वपूर्ण देखिएका १७ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरेको हो । आ.व. ०७०/७१ मा थप गरिएका चार समेत गरी यस्ता आयोजना हाल २१ वटा छन् । राष्ट्रिय गौरवका आयोजनाहरुलाई साधन विनियोजनमा प्राथमिकता दिनुका साथै यिनीहरुको सघन रुपमा अनुगमन गर्ने गरिएको छ । यी आयोजनाहरुको प्रगति र यिनीहरुले भोल्नुपरेका समस्याहरुका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा चौमासिक रुपमा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा छलफल गरी समस्या समाधान गर्ने गरिएको छ । यी आयोजनाहरुको कार्यान्वयनलाई नतीजामुखी गराउन सम्बन्धित मन्त्रालय र सम्बद्ध आयोजना प्रमुखबीच कार्यसम्पादन करार गर्ने व्यबस्था छ । साथै, राष्ट्रिय योजना आयोगबाट यी आयोजनाहरुको कार्यान्वयनमा आबश्यक समन्वय वा सहजीकरणसमेत हुने गरेको छ ।

यस पुस्तिकामा यी आयोजनाहरुको परिचय, आ.व. ०७३/७४ को बार्षिक प्रगति, आ.व. ०७३/७४ को अन्त्यसम्मको समष्टिगत भौतिक तथा वित्तीय प्रगति, प्रमुख उपलव्धीहरु र यिनीहरुले कार्यान्वयनका क्रममा भोल्नुपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

## २. विकास आयोजनाहरुको प्राथमिकीकरण

नेपालमा विकास आयोजनाहरुको प्राथमिकीकरण गर्न थालिएको करिव दुई दशक पुगेको छ । आ.व. २०५४/५५ मा प्रारम्भ भएको नवौं योजनाले आयोजनाहरुलाई प्राथमिकता प्राप्त र अन्य गरी दुई भागमा वर्गीकरण गरेको थियो । यसैगरी दशौं योजना (२०५९/६०–२०६३/६४) ले मध्यावधि खर्च संरचनाअन्तर्गत आयोजनाहरुलाई प्रथम प्राथमिकता (P1), दोश्रो प्राथमिकता (P2), र तेस्रो प्राथमिकता (P3)मा राखी वर्गीकरण गर्न प्रारम्भ गरेको हो । यस्तो प्राथमिकीकरण गर्ने चलन अद्यपि कायम नै छ ।

उपर्युक्त वमोजिम आयोजनाहरुको प्राथमिकीकरण गर्न आर्थिक, कृषि, भूमिसुधार तथा वन, पूर्वाधार, सामाजिक र विविध गरी पाँचवटा सामान्यक्षेत्रहरुमा वर्गीकरण गरिएको छ । प्राथमिकीकरणका लागि उल्लेखित पाँचवटै क्षेत्रमा लागू हुनेगरी देहायवमोजिम पाँचवटा सामान्य आधारहरु तय गरिएका छन् ।

क)	आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा पुऱ्याउने योगदान ।
ख)	दिगो विकासका लक्ष्यहरु हासिल गर्नमापुऱ्याउने योगदान ।
ग)	सहभागिताको अवस्था ।
घ)	समावेशीकरण तथा लैङ्गिकीकरणमा पुऱ्याउने योगदान ।
	अ) क्षेत्रीय समावेशीकरणमा योगदान ।
	आ) सामाजिक समावेशीकरण र मूलप्रवाहीकरणमा योगदान ।
ङ)	आयोजनाको विगतको प्रगति, सम्पन्न हुनलाग्ने समय वा कार्यान्वयन तयारी कार्य एवम् उत्पादनमूलक रोजगारीमा पुऱ्याउने योगदान ।

उल्लिखित सामान्य आधारहरुका अतिरिक्त प्रत्येक क्षेत्रका लागि छुट्टाछुट्टै क्षेत्रगत आधारहरु पनि तय गरिएको छ । सामान्य तथा क्षेत्रगत आधारहरु अन्तर्गत रही प्रत्येक विकास आयोजना तथा कार्यक्रमलाई अंकभार प्रदान गरिन्छ । सोही अंकभारका आधारमा आउने कूल प्राप्ताङ्कलाई आधार मानी आयोजनाहरुलाई प्रथम (P1), दोश्रो (P2), र तेस्रो (P3), गरी वर्गीकरण गर्ने गरिएको छ । यस अनुरुप आ.व. २०७३/७४ मा पहिलो प्राथमिकतामा ३५३, दोस्रो प्राथमिकतामा ११३ र तेस्रो प्राथमिकतामा १८ गरी कूल ४८४ आयोजनाहरु कार्यान्वयन भएका थिए । आ.व. २०७४/७५ मा पहिलोमा १०९७, दोस्रोमा १०४ र तेस्रोमा १८ गरी कूल १२१९ आयोजनाहरु कार्यान्वयन भइरहेका छन् । राष्ट्रिय गौरवका आयोजनाका हकमा आ.व. ०६८/६९ मा यस समूहमा वर्गीकृत १७ मध्ये कुनै आयोजना हालसम्म सम्पन्न नहुनु र ०७०/७१ मा चारवटा बाहेक अरु नथपिनुले गर्दा यस्ता आयोजनाको संख्या हालसम्म २१ नै रहेको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरु छनौट गर्ने स्पष्ट आधारहरु हालसम्म निर्धारण गरिएका छैनन् । यस्ता आयोजना छनौटका आधारहरु स्पष्ट गर्न आवश्यक देखिएकाले राष्ट्रिय विकास समस्या समाधान समितिको २०७३ पौष १८ मा बसेको ३८ औं बैठकले यस्ता आयोजना बन्नका लागि आबश्यक आधारहरु र ती आयोजनाहरुले तर्जुमा तथा कार्यान्वयनमा पाउने विशेष प्राथमिकतासम्बन्धी मापदण्ड दुई महिनाभित्र तयार गर्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको थियो । त्यस अनुसार आयोगबाट तत्कालीन माननीय सदस्य (हाल माननीय उपाध्यक्ष) डा.स्वर्णिम वाग्लेको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिव तथा अन्य प्रतिनिधिहरु सम्मिलित कार्यदल गठन भएको थियो । उक्त कार्यदलले विस्तृत समीक्षा तथा अन्तरक्रिया गरी यस्ता आयोजना छनौटका आधार, प्रक्रिया,

सहुलियत तथा आगामी कदमका सम्बन्धमा अनुसूची -१ बमोजिमको प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनमा प्राप्त सुझावहरुलाई कानुनी स्वरुप दिई कार्यान्वयनमा लैजान बाँकी नै रहेको छ ।

## ३. आयोजनाहरुको आ.व. ०७३/७४ र समष्टिगत भौतिक तथा वित्तीय प्रगति:

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. ०७३/७४ को भौतिक तथा वित्तीय प्रगति र यी आयोजना प्रारम्भ भएदेखि आ.व. ०७३।७४ सम्मको समष्टिगत भौतिक तथा वित्तीय प्रगति तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**राष्ट्रिय गौरवका आयोजनाका भौतिक तथा वित्तीय प्रगति विवरण** (प्रतिशतमा)

| सि.नं. | आयोजना | आ.व. २०७३/७४ को प्रगति | | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|
| | | भौतिक | वित्तीय | भौतिक | वित्तीय |
| १. | सिक्टा सिंचाइ आयोजना | ९१ | ७७.९ | ५५.८ | ५२.९ |
| २. | बबई सिंचाइ आयोजना | १०० | ९८.६ | ४९ | ४८.३ |
| ३. | रानीजमरा कुलरीया सिंचाइ आयोजना | ९५.७ | ९३.६ | ६५ | ६४.१ |
| ४. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ९६.१ | ९३.९ | २० | १३ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ७२ | ६१.७ | ९०.५ | ८३ |
| ६. | बुढिगण्डकी जलबिद्युत आयोजना | ९५ | ९५ | २० | २.९ |
| ७. | पश्चिम सेती जलबिद्युत आयोजना | प्रगति नभएको | प्रगति नभएको | प्रगति नभएको | प्रगति नभएको |
| ८. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा | ५८ | २८.२ | ३० | २५ |
| ९. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २५ | ५.४ | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ७३.५ | ७.५ | - | - |
| ११. | पशुपति क्षेत्र विकास कोष | ६५ | ६३ | ४३.५ | ४३.५ |
| १२. | लुम्बिनी क्षेत्र विकास कोष | ७८ | ७७.९ | ७२ | ७२ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | १०० | ७२.१ | - | २३.९ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | ९९.९ | ९९.७ | ८.८ | ९.८ |
| १५. | हुलाकी लोकमार्ग | ९१.३ | ९३.३ | - | - |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | १०० | ९८.७ | ४७.२ | ४१.२ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | ९६ | ९७.१ | २८.५ | ८.४ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ९५.५ | ८२.९ | १२.५ | ७.७ |
| १९. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | ०.२ | ६.१ | - | - |
| २०. | मेलम्ची खानेपानी आयोजना | ८१.७ | ९२.७ | ९०.१ | ९६.८ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ९३.२ | ९३.२ | ९२.५ | ९२.२ |

तालिका नं १ मा प्रस्तुत भएवमोजिम राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये अधिकांश आयोजनाको प्रगति ठीकै रहेको भए पनि चारवटा आयोजनाको प्रगति निकै कम रहेको छ । हुलाकी लोकमार्ग, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, बारा, काठमाण्डौ तराई-मधेस द्रुतमार्गको प्रगति अत्यन्त कमजोर रहेको छ भने पश्चिम सेती जलविद्युत आयोजनाको कार्यान्वयन पद्धति नै निर्धारण हुन बाँकी रहेको छ ।राष्ट्रिय योजना आयोग समेतको समन्वयमा नेपाली सेनालाई निर्माण जिम्मा दिइएपछि काठमाण्डौ तराई-मधेस द्रुतमार्गको कार्यान्वयन प्रक्रिया अघि बढेको छ। निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि कोरियन कम्पनीलाई नेपाल सरकारले बेहोर्नुपर्ने दायित्व बढ्दै जाने भएकाले पर्यटन मन्त्रालयलाई तुरुन्त टुंगो लगाई उपयुक्त मोडालिटि अपनाई निर्माण कार्य अघि बढाउन राष्ट्रिय विकास समस्या समाधान समितिबाट निर्देशन भएको छ ।

## ४. राष्ट्रिय गौरवका आयोजनाको परिचय तथा प्रगति स्थिति:

### ४.१ सिक्टा सिंचाइ आयोजना

बाँके जिल्लाका ४३,००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य

रहेको यस आयोजना आ.व. ०६२/६३ मा शुरु भईआ.व. ०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा सो अवधिमा सम्पन्न हुन नसकेकाले आ.व. ०७६/७७ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको शुरु लागत अनुमान १२८० करोड रहेकोमा संशोधित लागत अनुमान रु. २५०२ करोड रहेको छ । यस आयोजनामा नेपाल सरकारको आफ्नै स्रोतका अतिरिक्त साउदी कोषबाट समेत सहयोग परिचालन गरिएको छ। यस आयोजनाका लागि आ. व. २०७३/७४ मा कूल रु. १५८.२९ करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. १५८.७१ करोड विनियोजन गरिएको छ।

**फोटो नं. १ : आयोजनाको मुख्य नहरको डिजिल्टिङ्ग वेसिन**



स्रोतः सिक्टा सिंचाइ आयोजना कार्यालय।

**आ.व. २०७३/७४ को प्रगति :** यस आयोजनाको आ.व. २०७३/०७४ को भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ७७.९ प्रतिशत रहेको छ । यस आर्थिक वर्षमा जग्गा खरिद, मूल नहरमा स्ट्रक्चर निर्माणको कार्य, लाइनिङ्गको कार्य, सिधनिया शाखा निर्माण गर्ने आदि कार्य लक्ष्य अनुसार भएको देखिन्छ। डुण्डुवा शाखा नहरको निर्माण कार्य भने लक्ष्य अनुसार हुन सकेन ।

**समष्टिगत प्रगति :** आयोजनाले हालसम्म १११.७० हेक्टर जग्गा खरिद गरेको र मूल नहरमा १३२ वटा स्ट्रक्चर निर्माण सम्पन्न गरेको छ। त्यस्तै, सिधनिया शाखा नहरको निर्माण चालू रहनुकासाथै हालसम्म ३०.८४ कि.मि. नहर निर्माण भएको छ। डुण्डुवा शाखा नहरको निर्माण भइरहेका, हेडवर्कस् (सिभिल)

निर्माण सम्पन्न भएको र मूल नहरअन्तर्गतको अन्तर्राष्ट्रिय ठेक्कातर्फको कार्य भैरहेको छ । आयोजनाको हालसम्मको समष्टिगत भौतिक प्रगति ५५.८ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५२.९ प्रतिशत रहेको छ ।

**फोटो नं. २ : सिक्टा सिंचाइ आयोजनाको निर्माणाधीन नहर**



स्रोतः सिक्टा सिंचाइ आयोजना कार्यालय ।

**<u>आयोजनाले भोल्नुपरेका समस्याहरु :</u>** वन क्षेत्र तथा बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र नदीजन्य निर्माण सामग्री गिट्टी, ढुङ्गा, वालुवाको आपूर्तिमा बन्देज लगाएको र जिल्ला समन्वय समितिबाट यथेष्ट मात्रामा ठेक्का व्यवस्थापन हुन नसक्दा निर्माण सामग्री सहज रुपमा आपूर्ति हुन सकेको छैन । साथै,नहर क्षेत्रभित्र पर्ने जग्गा, घरटहराको क्षतिपूर्ति वापत अस्वाभाविक रकम माग गरेकाले समस्या परिरहेको छ । साथै, नहर ठाउँ ठाउँमा भत्किएको र गाउँमा बाढी पस्न सक्ने खतरा बढेकोछ ।

## ४.२ बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाका करिव ३६,००० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.०४४/४५ मा शुरु भई आ.व. ०६९/७० मा सम्पन्न हुने लक्ष्य रहे पनि समयभित्र सम्पन्न हुन नसकेपछि आ.व.०७८/७९सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ ।अनुमानित शुरु लागत रु.२८७ करोड रहेकोमा संशोधित लागत अनुमान रु. १२६९ करोड पुगेको छ । यस आयोजनाका लागि आ.व. २०७३/७४ मा कूल रु. १०५.१४ करोड

विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. ७१ करोड ६३ लाख विनियोजन गरिएको छ । आयोजनाको सबै बजेट नेपाल सरकारको आफ्नै स्रोतबाट विनियोजन भएको छ।

**आ.व. २०७३/७४ को प्रगति :** यस आयोजनाको आ.व. २०७३/७४ को भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९८.६ प्रतिशत रहेको छ । यस आ.व.मा ११ कि.मि. नहर निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसारको प्रगति हासिल भएको छ भने नहर निर्माणकालागि ८ हेक्टर जग्गा खरिद गर्नेलक्ष्य अनुसार कामभएको छ ।

**फोटो नं. ३ : आर.सि.सि. ढलान गरिएको पूर्वी मुख्य नहर**



स्रोतः बबई सिंचाइ आयोजना कार्यालय, बर्दिया।

**समष्टिगत प्रगति स्थिति :** आयोजना अवधिभरमा कूल७७ कि.मि. नहर निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म आयोजनाको करीव ५५ कि.मि.निर्माण भएको र नहर रिमोडलिङ्ग कार्यको ६० प्रतिशत सम्पन्न भएको छ । बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना तटबन्ध पुनःनिर्माणको १४ कि.मि.मध्ये करीव १० कि.मि. को सम्पन्न भएको छ ।आयोजनाको समष्टिगत भौतिक प्रगति ७१ प्रतिशत र वित्तीय प्रगति ४८.३ प्रतिशत रहेको छ । नहर निर्माण, सर्भिस सडक निर्माण, नहर सञ्चालन, जलमापन, गेज निर्माण र डाइभर्सननिर्माण कार्य भइरहेको छ ।

**फोटो नं. ४ : बबई नदीमा निर्माणाधीन संरचनाको झलक**



स्रोतः बबई सिंचाइ आयोजना कार्यालय, बर्दिया ।

<u>**आयोजनाले झेल्नुपरेका समस्याहरु :**</u> नहर क्षेत्रभित्रका जग्गा र घरटहराको क्षतिपूर्ति धेरै माग गर्ने गरेकालेजग्गा अधिग्रहणमा विवाद आउने गरेको र निर्माण सामग्रीको आपूर्तिमा कठिनाई जस्तासमस्या रहेका छन् ।

## ४.३ रानीजमरा कुलरीया सिंचाइ आयोजना

कैलाली जिल्लाका ३८,३०० हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.०६४/६५ मा सुरु भई आ.व.०७५/७६ मा सम्पन्न हुने अपेक्षा गरिएको छ ।शुरु लागत अनुमान रु. १२६३.२१ करोड रहेकोमा संशोधित अनुमान रु. १२६५ करोडपुगेको छ ।यस आयोजनाका लागि आ.व. २०७३/७४ मा रु. २८९.२४ करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. १९७ करोड विनियोजन गरिएको छ ।

## फोटो नं. ५ : आयोजनाको फिडर नहर



स्रोतः रानीजमरा कुलरिया सिंचाइ आयोजना कार्यालय, कैलाली ।

**आ.व. २०७३/७४ को प्रगति :** यस आयोजनाको आ.व. २०७३/७४ को भौतिक प्रगति ९५.७ प्रतिशत र वित्तीय प्रगति ९३.६ प्रतिशत रहेको छ। आ.व. २०७३/७४ मा कूल१८ मध्ये ३ वटा फिडर नहर निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य सो अनुसारको प्रगति हासिल भएको छ। त्यस्तै, यस आ.व.मा १२ कि.मि. कृषि सडक निर्माण गर्ने भनिएकोमा ३३ कि.मि. निर्माण भएको छ। आर.सि.सि. गिर्डर पूल १२ निर्माण गर्ने लक्ष्य रहेकोमा सो अनुसार निर्माण भएको छ।

**समष्टिगत प्रगति स्थिति :** आयोजनाको समष्टिगत भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६४.१ प्रतिशत रहेको छ। चिसापानीमा इन्टेक तथा लिंक क्यानल निर्माण सम्पन्न भएको छ। यसैगरी, चिसापानीदेखि बलचौरसम्म मूल नहर तथा सेटलिंग बेसिन निर्माण, कटासेदेखि मोहनासम्म फिडर नहर निर्माण, शाखा पुनःनिर्माण तथा ग्राभेल रोड सुदृढीकरणको कार्य तथा कर्णाली, पथरैया र मोहना नदीहरुमा तटबन्ध निर्माण भइरहेको छ। आयोजनाको कूल ५.८७ कि.मि. नहर मध्ये हालसम्म ३.१ कि.मि. निर्माण सम्पन्न भएको छ। मूल नहरको सरंचना अन्तर्गत एउटा वक्स कल्भर्ट, ६ वटा ड्रेन सिफन, एउटा सेटलिङ वेसिनको निर्माण भइरहेको छ। यसैगरी, आयोजनाबाट ४.५ मेगावाट क्षमताको हाइड्रो पावरतर्फ निर्माण अन्तर्गतको कार्यमा टर्वाइन, स्वीचिङ्ग वार्ड आदिको निर्माण

भइरहेको छ। आयोजना अवधि भरमा कूल ११५ कि.मि. कृषि सडक निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १०८ कि.मि. निर्माण सम्पन्न भएको छ।

**फोटो नं. ६ : कैलालीको मोहना नदीको वायाँ किनारमा निर्माण भएको संरचना**



स्रोतः रानीजमरा कुलरिया सिंचाइ आयोजना कार्यालय।

**आयोजनाले भोल्नुपरेका समस्याहरु :** नहर रेखाङ्कनमा परेकोजग्गा अधिग्रहणमा समस्या, वन क्षेत्र भित्रबाट नहरको रेखाङ्कन गर्नुपर्दा रुखहरु तथा अनधिकृत वस्ति हटाउन समय लाग्ने, अन्तर निकाय समन्वयको अभाव आदि मुख्य समस्या रहेका छन्। मूलनहरको रेखाङ्कनको २०० मि. भित्र रहेको ३२ कट्ठाजग्गामा रहे कामुक्तकमैयालाई व्यवस्थापन गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको ३७ औं र ३८ औं बैठकले निर्णय गरेकोमा उक्त जग्गा आयोजनाले आफ्नो नाममा खरिद गरिसकेको रसो ठाउँभन्दा २.२ कि.मि. पर अर्को ठाउँमा त्यति नै बराबरको जग्गा खरिद गरी स्थानान्तरणगराउने प्रक्रियामा रहेको छ।

## ४.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत, बर्दिया रबाँके जिल्लालाई समेटेर उर्जा, सिंचाइ, शहरी विकास र जलाधार संरक्षणलाई एकसाथ योगदान पुऱ्याउने लक्ष्य लिएको यस आयोजनाआ.व.०६८/६९ मा शुरु भई आ.व.०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनाबाट बाँके र बर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुने तथा करीव १५० मीटर हेडको सदुपयोग गर्दै नियमित रुपमा ४८ मे.वा. जलबिद्युत उत्पादन गर्नेलक्ष्य

रहेको छ । बाह्रै महिना सिंचाइ उपलब्धताबाट कृषि उत्पादन बढ्न गई वार्षिक ३.१ अर्ब अप्रत्यक्ष तथा विद्युतबाट २.१ अर्ब प्रत्यक्ष आम्दानी हुने अनुमान छ । आयोजनाको कूल लागत रु. १६४३ करोड लाग्ने अनुमान रहेको छ । आ.व. २०७३/७४ मारु. ८६ करोड विनियोजन गरिएको थियो भने यस आ.व. मा रु. ८८ करोड ८० लाख विनियोजन गरिएको छ ।

**आ.व. २०७३/७४ को प्रगति :** यस आयोजनाको आ.व. २०७३/७४ को भौतिक प्रगति ९६.१ प्रतिशत र वित्तीय प्रगति ९३.९ प्रतिशत रहेको छ। आयोजनाले यस आर्थिक वर्षमा २.३ कि.मि. पहूँच मार्ग निर्माण गर्ने लक्ष्य राखेकोमा सो अनुसार शत प्रतिशत प्रगति भएको छ ।

**समष्टिगत प्रगति स्थिति :** आयोजनाको ठेकेदार तथा परामर्शदाता छनौट कार्य सम्पन्न भई पूर्णरुपमा परिचालन भैसकेको, क्याम्प निर्माणको कार्य र सुरुङ्गको वोरिङ्ग क्षेत्रमा रुख कटानको कार्य भैरहेको छ । समष्टिगत भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति १३ प्रतिशत रहेको छ । सुरुङ निर्माणमा प्रयोग हुने अत्याधुनिक प्रविधिको टनेल बोरिङ मेसिन (टिबिएम) जडान कार्य भइरहेको छ ।

**फोटो नं. ७ : आयोजनाको सुरुङ खन्न प्रयोग हुने अत्याधुनिक प्रविधिको मेसिन जडान हुँदै ।**



स्रोतः भेरी बबई सिंचाइ आयोजना कार्यालय ।

**आयोजनाले भोल्नुपरेकामुख्य समस्याहरु :** यस आयोजनाका लागि आ.व. ०७३/७४ मा करिब ४०० करोड बजेट आवश्यक पर्नेमा जम्मा ८० करोड मात्र विनियोजन भएकोले कार्य सम्पादन प्रभावित भएको छ ।

## ४.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ । २०६७श्रावणमा शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अबरोध लगायतको कारणबाट आ. व. ०७४/७५ मा सम्पन्न हुने संशोधित अनुमान छ। आयोजनाको शुरु लागत अनुमान रु. ३५२९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गएको कारणले संशाधित अनुमान रु. ४१७२ करोड पुगेको छ । आ.व. २०७३/७४ मारु. ६७६ करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. ५०० करोड बजेट विनियोजन गरिएको छ ।

**आ.व. २०७३/७४ को प्रगति :** आ.व. २०७३/७४ मा यस आयोजनाको भौतिक प्रगति ७२ प्रतिशत र वित्तीय प्रगति ६१.७ प्रतिशत रहेको छ । अयोजनाको सिभिल कार्य (हेडवर्क्स, विद्युत गृह, ट्रान्फर्मर क्याभर्न) तर्फ ९.२ प्रतिशत, हाइड्रो मेकानिलतर्फ १२.५ प्रतिशत, मेकानिकल, इलेक्ट्रीकल र प्रसारण तथा सवस्टेशनतर्फ १४.५ प्रतिशत प्रगति भएको छ ।

**समष्टिगत प्रगति स्थिति:** आयोजनाको समष्टिगत भौतिक प्रगति ९०.५ प्रतिशत र वित्तीय प्रगति ८३ प्रतिशत रहेको छ । आ.व. २०७३।७४ सम्ममा यस आयोजनाको हेडवर्क्स कंक्रिटको कार्य ८९.५ प्रतिशत, मुख्य सुरुङ्गको कार्य ९३ प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न कंक्रिटको कार्य ८३.८ प्रतिशत, अडिट लगायत अन्य सुरुङ्गहरु खन्ने कार्य ८५.३ प्रतिशत, बिद्युतगृह र ट्रान्स्फर्मर क्याभर्न खन्ने कार्य र टेलरेस सुरुङ्गको कार्य शतप्रतिशत सम्पन्न भइसकेको छ । २०७५ आषाढ मसान्तसम्ममा पहिलो युनिटबाट उत्पादन सुरुगरी २०७५ पौषसम्म सवै युनिट सञ्चालनमा ल्याउने कार्ययोजना रहेको छ । आयोजनाको हालसम्म ४७ कि.मि. प्रसारण लाइन र ६८ कि.मि. पहुँचमार्ग निर्माण सम्पन्न भएको छ ।

**फोटो नं. ८ : माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको हेडवर्क्स (बाँध)**




स्रोतः माथिल्लो तामाकोशी आयोजना कार्यालय ।

**<u>आयोजनाले भोल्नुपरेका समस्याहरु :</u>** ठूला भारवहन भएका उपकरणहरु ढुवानी कार्यमा समस्या भएको र खिम्तीमा निर्माण हुने २२०-१३२ के.भि. सवस्टेशन कार्यमा ढिलाइ भइरहेको जस्ता समस्याहरु छन् ।

## ४.६ बुढीगण्डकी जलबिद्युत आयोजना

कूल१२०० मेगावाट जडित क्षमताको यो आयोजनाको बाँधस्थल गोरखा जिल्ला घ्याल्चोक गा.वि.स. सिउरेनिटार र धादिङ जिल्लाको सीमानामा बुढीगण्डकी र त्रिशुली नदीको बायाँ किनार कल्लेरिमा रहेको छ । जलाशयले गोरखा र धादिङ जिल्लाका ६६३९ हेक्टर जमिन डुवानमा पार्नसक्ने देखिन्छ। आ.व. २०६९/७० मा सुरु भई आ.व. २०७७/७८ मा सम्पन्न हुने रकूल लागत रु.२ खर्व ५९ अर्व लाग्ने अनुमान रहेको छ। आ.व. २०७३/७४ मा कूल रु. ५३३ करोड विनियोजन गरिएको थियो भने चालू आ.व.मा रु. १००० करोड विनियोजन गरिएको छ ।

फोटो नं. ९ : बुढीगण्डकी जलविद्युत आयोजनाका लागि प्रस्तावित चित्र




स्रोतः www.google.com.np

**आ.व. २०७३/७४ कोवार्षिक प्रगति :** यस आयोजनाको आ.व. २०७३/७४ मा भौतिक र वित्तीय दुबै प्रगति ९५ प्रतिशत रहेको छ । ५०० करोड बजेट विनियोजन भएकोमा ४३६ जग्गा अधिग्रहणमा खर्च भएको छ । करीव ८२०० रोपनी जग्गा खरिद भएको छ ।

**समष्टिगत प्रगति स्थिति :** विस्तृत आयोजना प्रतिबेदन, बोलपत्रसम्बन्धी कागजात, विस्तृत वातावरणीय अध्ययन प्रतिवेदन तयार भई स्वीकृत भएको छ ।गोरखाको घ्याल्चोक सिउरेनिटारस्थित क्याम्प साईटको लागि १३३ रोपनी जग्गा अधिग्रहण एवम् मुआब्जा वितरण गरिएको र सो स्थानमा कार्यालय निर्माण गरीसञ्चालन भइरहेको छ ।गोरखातर्फका ३०,०७८ र धादिङ्गतर्फका २८,०७५सहित ५८,१५३ रोपनी निजी जग्गा अधिग्रहण गरिएको छ । अधिग्रहण गरिएकोमध्ये गोरखातर्फ आरुघाट र आरखेत बजार क्षेत्र बाहेक र धादिंगतर्फ आरुघाट र खहरे बजार क्षेत्र बाहेकमा मुआब्जा निर्धारण भएको छ । हालसम्म गोरखातर्फ ८९३ जना( लाई (३३०४ रोपनी) करिब २.०६ अर्ब र धादिंगतर्फ ११०० जनालाई (४९२८ रोपनी) करिब २.३० अर्ब मुआब्जा बितरण भएको छ । साथै, पर्यटन विकास, बस्ति विकास, जलउपयोग अध्ययनसम्बन्धी परामर्शदाताबाट अन्तिम प्रतिवेदन प्राप्त भएको छ ।

**आयोजनाले भ्केल्नुपरेका समस्याहरु :** गोरखा जिल्लातर्फ आरुघाट र आरखेत बजार क्षेत्र र धादिंग जिल्लातर्फ आरुघाट र खहरे बजार क्षेत्रको मुआब्जा निर्धारण हुन नसकेकोले समस्या रहेको छ । साथै, मुआब्जा वितरणमा कर्मचारीहरु (जिल्ला प्रशासन, मालपोत र नापी कार्यालय) को कार्यबोभ्क बढी भएको, जग्गा अधिग्रहण तथा मुआब्जा वितरणका साथै पुनर्वास तथा पुनर्स्थापनाको व्यवस्थापनमा जटिलता रहेको र फण्डिङ मेकानिजमको निक्र्योल हुन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

## ४.७ पश्चिम सेती जलबिद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बभ्काङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ । चिनीया कम्पनि थ्रिगर्जेजलेसम्भ्कौता वमोजिम प्रतिवेदन नबुभ्काएकाले प्रगति हुन सकेको छैन । यस आयोजना प्राविधिक तथा आर्थिक रुपमा सम्भाव्य देखिएको भए पनि लगानीकर्ताले जग्गा प्राप्ति, प्रशारण लाइन र पुनर्वाससम्बन्धी समस्या औल्याएका छन् । यो आयोजना नेपाल विद्युत प्राधिकरण र चाइनिज कम्पनी थ्रि ग्रजेजवीच ज्वाइन्ट भेन्चर कम्पनी मोडेलमा निर्माण गरिने समभ्कदारी भएकोछ ।

**फोटो नं. १० : प्रस्तावित पश्चिम सेती जलविद्युत आयोजना निर्माण गरिने नदी क्षेत्र**



स्रोतः www.google.com.np

**आयोजनाले भोल्नुपरेका समस्याहरु :** यस आयोजनाको कार्यान्वयन मोडालिटि यथाशिघ्र टुंग्याउनु राष्ट्रिय विकास समस्या समाधान समितिको ३८ औं बैठकबाट निर्णय लिइएको भए तापनि सो टुंगो लाग्न समय लिएको छ ।

## ४.८ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमार्ग (१५०० मी.x३० मी.) लाई स्तरोन्नति गरी (३००० मी.x४५ मी.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवन लगायत सञ्चार तथा पथप्रदर्शक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नतिगर्ने लक्ष्य राखिएको छ ।यस आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्वरमा सम्पन्न हुने अपेक्षा गरिएको छ । आयोजनाका लागि आ.व. २०७३/७४ मा कूल रु. ७२२ करोड विनियोजन गरिएको थियो । नेपाल सरकार र नेपाल नागरिक उड्यन प्राधिकरणको संयुक्त लगानी रहेको यस आयोजनाका लागि प्राधिकरणको आन्तरिक कारण चालू आ.व. का लागि बजेटएकिन हुन बाँकी रहेको छ ।

**आ.व. २०७३/७४ को प्रगतिः** यस आयोजनाको आ.व. २०७३/७४ को भौतिक प्रगति ५८ प्रतिशत र वित्तीय प्रगति २८.२ प्रतिशत रहेको छ । यस आ.व. सम्ममा कूल ४२८ विगाहा जग्गा अधिग्रहणको प्रकृया पूरा गरी मूल्याङ्कनको क्रममा रहेको र जग्गा अधिग्रहणसम्बन्धी सूचना जारी भैसकेको छ । उपकरण जडान सम्बन्धमा बोलपत्र आब्हान गरी हाल मूल्याङ्कन भैरहेको छ ।

**फोटो नं. ११ : विमानस्थलमा निर्माणाधीन कन्ट्रोल टावर विल्डिङ्ग**



स्रोतः गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय ।

**समष्टिगत प्रगति स्थिति :** घाग्रा खोला डाइभर्सनको काम सम्पन्न भएको छ । यसैगरी, धावनमार्गको ३ कि.मि. लम्बाईको सवग्रेडको कार्य सम्पन्न भई सववेशको कार्य चालू रहेको छ । त्यस्तै, विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको जमिनमुनिको भाग (Plinth level)को काम सम्पन्न भई पहिलो तला ढलान सम्पन्न भएको छ। धावनमार्गमा ४ कि.मि. तारवार लगाउने काम भइरहेको छ । प्रशासकीय भवन तथा कन्ट्रोल टावर भवनको पहिलो तल्ला ढलान सम्पन्न भई काम भइरहेको छ । त्यसैगरी, इलेक्ट्रिकल सवस्टेशन भवन र ओभरहेड वाटरट्यांकको काम तथापार्किङ्गस्थल पनि चालू रहेको छ ।

**आयोजनाले भोल्नुपरेका समस्याहरु :** मुआब्जा वितरणमा रु. ३० लाखभन्दा माथिकोमा पूँजिगत लाभकर कट्टा गर्नुपर्ने भएकोले समस्या भएको, रनवे, ट्याक्सी वे तथा निर्माण सम्बन्धमा चिनीयाँ ठेकेदार र स्थानीय ठेकेदारवीचको विवाद तथा कमजोर ब्यवस्थापन क्षमताको कारणले अपेक्षा अनुरुप काम हुन सकेको छैन ।

## ४.९ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लास्थित पोखरा महानगरपालिकामाबिगत ४० बर्षदेखि अधिग्रहण गरिएको जग्गामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रबर्द्धन गर्ने यस आयोजनाको लक्ष्य रहेको छ । सन् २०११ मा आयोजना सुरु भएतापनि नेपाल सरकार र चीन सरकारबीच ऋण सम्झौता भएको मितिबाट ४ वर्षभित्र सम्पन्न हुने अनुमान गरिएको छ। आयोजनाको कूल लागत अनुमान रु. २१६० अर्व रहेको छ । आयोजनाका लागि आ.व. २०७३/७४ मा कूल रु. १०० करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. ५०० करोड विनियोजन भएको छ ।

**फोटो नं. १२ : निर्माणाधिन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल**



स्रोत: www.google.com

**आ.व. २०७३/७४ को प्रगति :** आ.व. २०७३/७४ मा यस आयोजनाको भौतिक प्रगति २५ प्रतिशत र  वित्तीय प्रगति ५.४ प्रतिशत रहेको छ । आयोजनाको लागि आवश्यक पर्ने थप ५० रोपनी जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाइएको छ ।

**समष्टिगत प्रगति स्थिति :** हाल निर्माण ब्यवसायीबाट डिजाइन कार्य जारी रहे को छ । पेरिमिटर सडकका लागि थप ५० रोपनी जग्गा अधिग्रहण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७३।११।२५ को निर्णयबाट स्वीकृति प्राप्त भएको छ । नेपाल सरकार र चीन सरकारबीच आयोजना निर्माणसम्बन्धी ऋण सम्झौ ता भई २०७३ बैशाख १ मा आयोजनाको  शिलान्यास भएको छ । ठेकेदार तथा कर्मचारीहरुको क्याम्प निर्माण कार्य जारी रहेको छ ।

**फोटो नं. १३ : विमानस्थलको निर्माणाधीन ठेकेदारको क्याम्प**



स्रोतः पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यालय ।


**आयोजनाले भोल्नुपरेका समस्याहरु :** मुआब्जा तोक्ने कार्यमा ढीलाइ भएकाले कामले गति लिन सकेको छैन । Escrow Account खोल्ने सम्बन्धमा लामो समय विवाद रहेपनि उक्त समस्या टुंगिसकेको छ ।

## ४.१० दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ, बारा

मुलुकको पर्यटकीय गतिविधि अभिबृद्धि गर्न महत्वपूर्ण। भूमिका खेल्ने अपेक्षा गरि एको बारा जिल्लामा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाआ.व.

२०७१/७२ मा शुरु भई आ.व.०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको थियो। आयोजनाको कूल अनुमानित बजेट रु. १२० अर्व रहेको छ। आ.व. २०७३/७४ मा कूल रु. १५०करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा पनि( त्यतिनै बजेट विनियोजन गरिएको छ।

**फोटो नं. १४ : विमानस्थलको चारकिल्ला विवरण नक्सामा**




स्रोतः निजगढ अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय।

**<u>आ.व. २०७३/७४ को प्रगति :</u>** आ.व. २०७३/७४ मा भौतिक प्रगति ७३.५ प्रतिशत र वित्तीय प्रगति ७.५ प्रतिशत रहेको छ।उक्त आ.व.मानिजी स्वामित्वको कूल ११० विगाह जग्गामध्ये १० विगाह १२ धूर र सरकारी स्वामित्वको २ विगाह १० धूर जग्गा आयोजनाको स्वामित्वमा आइसकेको छ। निजी स्वामित्वको सबै जग्गाको अधिग्रहणको प्रक्रिया टुंगिएको छ। निजी स्वामित्चको जग्गा खरिदमा रु. ५ करोड १२ लाख खर्च भएको छ।

**<u>समष्टिगत प्रगति स्थिति :</u>** वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्राप्त भएको र नदी कटान नियन्त्रणसम्बन्धी तालिम भैरहेको छ। ११० विघाहा जग्गा अधिग्रहण गरी मुआब्जा दिने कार्य भइरहेको छ। डिटेल डिजाइन तयार गर्न परामर्शदाता छनौटको प्रकृया अगाडि बढेको छ। आयोजना निर्माणको मोडालिटि तय गर्न समिति गठन भइ कार्य भैरहेको छ। विमानस्थलको धावन मार्गको अवस्थितिका लागि आवश्यक पर्ने वाइन्ड डाटा संकलन गर्न वाइन्ड लगर जडान

गरिएको छ ।

**आयोजनाले भोग्नुपरेका समस्याहरु :** वन क्षेत्र भित्र रहेको रुख कटान गर्न अनुमति प्राप्त नभएको र मुआब्जाका लागि सबै घरधनीबाट हकदाबीको निवेदन प्राप्त हुनसकेको छैन । निर्माणको मोडालिटि तय हुन नसक्दा ठेक्का प्रक्रिया अघि बढाउन सकिएकोछैन । राष्ट्रिय विकास समस्या समाधान समितिको ३९ औं र ४० औं बैठकले कोरियन कम्पनीलाई सम्झौता अनुसारको रकम भुक्तानीसम्बन्धी र निर्माण मोडालिटि टुंग्याउन संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई निर्देशन दिए पनि हालसम्म टुंगिन सकेको छैन ।

## ४.११ पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्रमा गुरुयोजना अनुसार योजनाबद्ध विकासका कार्यक्रमहरुका माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य रहेको छ । यस गुरुयोजना आ.व. २०५७/५८ मा सुरु भई आ.व. ०७३/७४ मा सक्ने लक्ष्य रहेको भए तापनि सम्पन्न हुन नसके पछि आ.व.०७४/७५ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । आयोजनाको सुरु लागत अनुमान रु. २ अर्व ३ करोड रहेको छ । आ.व. २०७३/७४ मा कूल रु. ४०.७५करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु.४४ करोड ४१ लाख विनियोजन भएको छ।

**आ.व. २०७३/७४ को प्रगति :** आ.व. २०७३/७४ मा यस कोषको भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६३.१ प्रतिशत रहेको छ । समष्टिगत भौतिक र वित्तीय प्रगति दुवै ४३.५ प्रतिशत रहेको छ । वनकाली बगैचा र भण्डारखाल बगैचाको विकास, भस्मेश्वर सत्तलर रामेश्वर सत्तलको निर्माण तथा जीर्णोद्धार कार्य सम्पन्न भएको छ । विद्युत शवदाह गृहमा ३० वटा शव अटाउने चिस्यान कोठा निर्माण भई संचालन भएको छ । भण्डारखालको वगैंचा र भुमेश्वर सत्तल निर्माण कार्य सम्पन्न भएको छ । वनकाली वगैचा, हंसमण्डप प्रांगण निर्माण लगायतका अन्य कार्यहरु भइरहेकाछन् ।यसैगरी तीलगंगा-ताम्रगंगा सडकमा रिटेनिङ वाल निर्माण भइरहेको छ ।

फोटो नं. १५ : मृगस्थलीमा निर्माण भएको धुनी घर



स्रोतः पशुपति क्षेत्र विकास कोष ।

<u>**आयोजनाले भोल्नुपरेका समस्याहरु**</u> : कतिपय आयोजनाहरुमा पुरातत्व विभागसंग सहमति लिई काम गर्नुपर्ने भएकोले प्रकृयागत ढीलाइ हुनेगरेका रगुरुयोजना कार्यान्वयनमा दक्ष प्राविधिक जनशक्तिको अभाव र समय समयमा निर्माण सामग्रीको अभाव आदिले समयमै ठेक्का ब्यवस्थापन गर्न समस्या परिरहेको छ ।

## ४.१२ लुम्बिनी क्षेत्र विकास कोष

भगवान गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्ने लक्ष्य यस कोषले राखेको छ ।

फोटो नं. १६ : निर्माणाधीन कम्वोडियाको मन्दिर



स्रोतः लुम्बिनी विकास कोष ।

वि.सं. २०४२ देखिनै यस गुरुयोजनाको काम शुरु भएको भए तापनि कहिलेसम्म सक्ने भन्ने विषयमा हालसम्म टुंगो लाग्न सकेको छैन । आयोजनाको शुरु लागत अनुमान रु. ५ अर्व ५० करोड रहेकोमा संशोधित लागत अनुमान रु. ६ अर्व १० करोड रहेको छ । आ.व. २०७३/७४ मा कूल रु. ६६करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु.७१ करोड ९४ लाख विनियोजन भएको छ ।

**आ.व. २०७३/७४ को प्रगति :** आ.व. २०७३/७४ मा यस कोषको भौतिक प्रगति ७८ प्रतिशत र वित्तीय प्रगति ७८.९ प्रतिशत रहेको छ ।यस आ.व. मा गुरुयोजना अनुसारका कार्यहरु सुरुवात गरिएको, प्रशासनिक भवन, भिजिटर इन्फरमेसन से न्टर, उत्तरी पोखरी, पवित्र उद्यानक्षेत्रका ढलहरु, ३ जोडी पेभिलियन, (१६ कि.मी सुरक्षा पर्खाल र केन्द्रीय नहर निर्माण कार्यसम्पन्न भएको छ ।

**समष्टिगत प्रगति स्थिति :** नेपालको पूर्वदेखि पश्चिमसम्मका बौद्ध क्षेत्रहरुलाई समेटी तयार गरिने बौद्ध सर्किटको अध्ययन तथा अन्वेषणको कार्य प्रारम्भ भएको छ । बृहतर लुम्बिनीअन्तर्गत देवदहमा सूचना केन्द्र तथा कार्यालय, कुदानमा प्रार्थनास्थल, ध्यान सेड निर्माण कार्य शुरु भएको छ । मायादेवी मन्दिर वरिपरी बगैंचा निर्माण ७० प्रतिशत सम्पन्न भएको छ । कोष क्षेत्रमा रहेका वनजंगल रेखदेख र बोधिवृक्षको संरक्षण भएको छ । लुम्बिनी गुरु योजनाको स्टाफ कोलोनी निर्माणका लागि टेन्डर आह्वान गरिएको छ । लुम्बिनी विकाष कोषको ५००० जना अट्ने क्षमताको हल निर्माणका लागि परामर्शदाताबाट डिजाइन तथा लागत अनुमान तयार भएको छ । समष्टिगत भौतिक र वित्तीय प्रगति दुवै

**फोटोः नं.१७ : लुम्बिनी विकास कोषको हालसालै निर्माण भएको प्रशासकीय भवन**



स्रोतः लुम्बिनी विकास कोष ।

७२ प्रतिशत रहेको छ ।

**<u>आयोजनाले भोल्नुपरेका समस्याहरु :</u>** पदपूर्ति हुन नसकेकोले जनशक्ति अभाव, संवेदनशील क्षेत्रमा सुरक्षाको अभाव, फोहर व्यवस्थापनका लागि डम्पिङ साइट नभएकाले व्यवस्थापनमा कठिनाइरहेको छ ।

## ४.१३ पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

पूर्वमा पाँचथरको चियो भन्ज्यांगदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कूल लम्बाई १७७६ कि.मी. रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात संजालमा जोडी आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यसकालागि आ.व. २०७३/७४ मा कूल रु. ५१७ करोड विनियोजन गरिएको थियो ।

**फोटो नं. १८ : पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाको पश्चिम खण्डको झलक**



स्रोतः राष्ट्रिय योजना आयोगको सचिवालयको अनुगमन भ्रमण प्रतिवेदन।

**<u>आ.व. २०७३/७४ को प्रगतिः</u>** आ.व. २०७३/७४ मा यस आयोजनाको भौतिक प्रगति शत प्रतिशत र वित्तीय प्रगति ७२.१ प्रतिशत रहेको छ । कूल १२४४

कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य रहेकोमा यस आ.व. मा ५५ कि.मि. र९५ कि.मी. ग्राभेल भएको छ ।

**समष्टिगत प्रगति स्थिति**ः हालसम्ममा ११४६ कि.मि. ट्र्याक निर्माण, १२८ कि.मी. कालोपत्रे र ३९१ कि.मी. ग्राभेल सडक निर्माण भएको छ। यसैगरी हालसम्म ९ वटा पूल निर्माण भएको छ । आयोजनाको समष्टिगत वित्तीय प्रगति २३.९ प्रतिशत रहेको छ ।

**फोटो नं. १९: पुष्पलाल (मध्यपहाडी) राजमार्गको खुर्कोट - घुर्मि खण्डमा निर्माणाधिन पूल**



स्रोतः पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पूर्वी खण्ड कार्यालय ।

**आयोजनाले भोल्नुपरेका समस्याहरुः** भविष्यमा निर्माण हुने सुनकोशी, सप्तकोशी लगायतकाजलाशययुक्त जलबिद्युत आयोजनाबाट डुवानमा पर्नसक्ने सडकखण्डहरुको निर्माण कार्यमा अन्यौलता सिर्जना भएको, वन क्षेत्रमा कार्य गर्न बाधा परिरहेको, स्थानीयहरुद्वारा रेखांकनविवादर जग्गा अधिग्रहण तथा मुआब्जा वितरणमा समस्यारहेको छ ।घुर्मी-चतरा खण्डको ट्र्याक निर्माण गर्न नियुक्त व्यवसायीहरुबाटसमयमा निर्माणस्थल उपलब्ध नगराएको कारण दर्साईएकोले निर्माण कार्य शुरु हुन सकेको छैन।

## ४.१४ रेल्वे तथा मेट्रो विकास आयोजना

रेल्वे तथा मेट्रो विकास आयोजनाले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कूल ९४६ कि.मि. लामो रेल सञ्जाल निर्माण एवम् संचालनको लक्ष्य लिएको छ । यस आयोजनाको कूल लागत रु. ६९५२ करोड रहेको छ । सम्पूर्ण लागत नेपाल सरकारको स्रोतबाट ब्यहोरिनेछ । यस आयोजनाका लागि आ.व. २०७३/७४ मा रु. २३४ करोड विनियोजन गरिएको थियो ।

**आ.व. २०७३/७४ कोप्रगतिः** आ.व. २०७३/७४ मा यस आयोजनाको भौतिक प्रगति ९९.९ प्रतिशत र वित्तीय प्रगति ९९.७प्रतिशत रहेको छ। उक्त आ.व. मा विराटनगर-जोगवनी रेलमार्गका लागि ६६ हेक्टर, जयनगर-जनकपुर-बर्दिवास खण्डका लागि १६८ हेक्टर र बर्दिवास- सिमरा खण्डका लागि १६८ हेक्टर जग्गा खरिद गर्ने प्रक्रिया अघिबढेको छ । यसैगरी ४४ वटा कल्भर्ट निर्माण भएको छ ।

**समष्टिगत प्रगति स्थितिः** पूर्व पश्चिम रेलमार्गको (९४५ कि.मि.) मध्ये बर्दिवास-काकडभिट्टा खण्डको विस्तृत आयोजना प्रतिवेदन (DPR)तयार भैरहेको छ भने बुटवल-गड्डाचौकी खण्ड ४२१ कि. मि.को यस्तोप्रतिवेदन तयारीका लागि पर ामर्शदाता छनौट कार्य अन्तिम चरणमा पुगेको छ । विभिन्न खण्डको संभाब्यता अध्ययन र बर्दिवास- सिमरा खण्डको (१०८ कि.मि.) रेलमार्ग निर्माणअन्तर्गत विभिन्न संरचनाको निर्माण भैरहेको छ।भौतिक प्रगति ८.८ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ९.८ प्रतिशत रहेको छ ।

**फोटो नं. २० : पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म प्रस्तावित रेलमार्ग**



स्रोतः पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना पूर्वी खण्ड कार्यालय ।

<u>**आयोजनाले भोल्नुपरेका समस्याहरु:**</u> वन क्षेत्रमा आयोजना निर्माण स्वीकृतीमा ढीलाई, जग्गा अधिग्रहण, रेखांकन तथा मुआब्जा निर्धारणमा समस्या, दक्ष जनशक्तिको अभाव तथानिर्माण सामग्रीको सहज उपलब्धता नहुनु जस्ता समस्याहरु छन् ।

## ४.१५ हुलाकी लोकमार्ग

हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा भापा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भागलाईजोड्नेछ । यस आयोजनाको कूल लागत अनुमान करिव २५ अर्व रहेको छ। नेपाल सरकार तथा भारत सरकारबाट प्राप्त हुने १२ अर्व अनुदान रकमबाट लागत व्यहोरिने छ। आ.व. २०६३/६४ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अनुमान गरिएकोमा संशो धित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहे को छ। यस आयोजनाको अन्त्यमा कूल १६६३ कि.मि. कालोपत्रे सडक र १२५ वटा पूलहरुको निर्माण हुने अनुमान छ ।आ.व.२०७३/७४ मा रु. ४२० करोड विनियोजन गरिएको थियो भने चालू आ.व. २०७४/७५ मा रु. ४०१.७ करोड विनियोजन भएको छ ।

**फोटो नं. २१ : भापाको केचनाकवलमा निर्माण भइरहेको हुलाकी राजमार्गको सव वेश कार्य**



स्रोत: हुलाकी राजमार्ग आयोजना कार्यालय ।

**आ.व. २०७३/७४ को प्रगतिः** आ.व. २०७३/७४ मा यस आयोजनाको भौतिक प्रगति ९१.३ प्रतिशत र वित्तीय प्रगति ९३.३ प्रतिशत रहेको छ। यस आ.व. मा ३० कि.मि. सडक ग्राभेल भएको, ५.५ कि.मि. कालोपत्रे भएको र १० वटा पूल निर्माण भएको छ।

**समष्टिगत प्रगति स्थितिः** यस आयोजनामा हालसम्म ३० कि.मि. सडक ग्राभेल भएको, ७२ कि.मी. सडक कालोपत्रेभएकोर ६३ वटा पूल निर्माण सम्पन्न भएका छन्। यसैगरी, २११ कि.मि. सडक स्तरोन्नतिका लागि ठेक्का व्यवस्थापन भइरहे को छ।

**फोटो नं. २२ : हुलाकी राजमार्गको भद्रपुर राजगढमा निर्माण भइरहेको सव वेश कार्य**



स्रोतः हुलाकी राजमार्ग आयोजना कार्यालय।

**आयोजनाले झेल्नुपरेका समस्याहरुः** मालपोत तथा नापी कार्यालयहरुबाट सहयोग प्राप्त नहुँदा मुआब्जा वितरणमा समस्या रहेको, पूल निर्माणका लागि बजेट न्यून रहेको, निर्माण सामग्रीको सहज उपलब्धता नभएको र चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत अमुवा पोष्टदेखि रिउ खोलासम्मको सेक्सन डिटेल सर्भे गर्ने अनुमति प्राप्त नभएको हुँदा रेखांकनमा अन्यौलता रहेको छ।

## ४.१६ उत्तर दक्षिण (कोशी) लोकमार्ग

यो आयोजनाले तेहथुम जिल्लाको वसन्तपुरदेखि मुलुकको उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । उक्त १६२ कि.मी. सडकमध्ये ५० कि.मी. मा यातायात चालू छ । यस वाहेक ७७ कि.मी. ग्राभेल सडक रहेको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७० मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुनः म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाको कूल लागत रु.७५० करोड रहेको छ ।आ.व. २०७३/७४ का लागि कूल रु. ५१ करोड ८३ लाख विनियोजन गरिएको थियोभने यस आ.व. मा ५२.८४ करोड बजेट विनियोजन भएको छ ।

**फोटो नं. २३ : संखुवासभाको किमाथांकामा एस्क्याभेटरले खनेको ट्र्याक ।**



स्रोतः उत्तर दक्षिण (कोशी) सडक आयोजना कार्यालय, खाँदबारी ।

**आ.व. २०७३/७४ को प्रगतिः** आ.व. २०७३/७४ मा यसको भौतिक प्रगति शत प्रतिशत र वित्तीय प्रगति ९८.७ प्रतिशत रहेको छ। विभिन्न खण्डमा ३१ कि.मि. ट्र्याक खोल्ने, ७ कि.मि. ग्राभेलिङ्ग गर्ने र ८.६ कि.मि. को गेवियन वाल लगाउने लक्ष्य राखिएकोमा लक्ष्य अनुसारको प्रगति भएको छ ।

**समष्टिगत प्रगति स्थितिः** आयोजनाले कूल १६२ कि.मि. ट्र्याक खोल्ने लक्ष्य रहेकोमा हालसम्म १०७.५ कि.मि. ट्र्याक खोलिएको र १५० कि.मि. ग्राभलिङ्ग

गर्ने भनिएकोमा ५४ कि.मि. ग्राभलिङ्ग गरिएको छ ।हालसम्मकोभौतिक प्रगति ४७.२ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ४१.२ प्रतिशत रहेको छ । संरचना निर्माण र पूल निर्माण कार्यहरु सञ्चालन भइरहेका छन् । खांदवारीदेखि पाथिभरासम्मको ट्र्याक खोल्ने कार्य समेत भैरहेको छ ।

**आयोजनाले भोल्नुपरेका समस्याहरु:** चेपुवा किमान्थांका खण्डमा रेखाङकनमा विवादले निर्माण कार्य अबरुद्ध भएको रचीनतर्फबाट उपकरण तथा इन्धन ल्याउन रुट पर्मिट पाउन कठिनाई रहेकोजनाइएको छ ।

## ४.१७ उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग

कूल लम्बाई ४३५ कि.मी. रहेको यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, बाग्लुङ्ग, पर्वत र म्याग्दी जिल्ला समेटेको छ। आ.व. २०६५/६६ मा शुरु भई २०७०।७१ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा पुनः आ.व. २०७८/७९ मा सम्पन्न हुनेगरी म्याद थपिएको छ । यस आयोजनामा कूल लागत रु. २७ अर्व ५१ करोड लाग्ने अनुमान छ । आ.ब. २०७३।७४ मा यसका लागि रु. ६३ करोड ८२ लाख विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै रु. १९ करोड समेत व्यबस्था गरिएको थियो ।

**फोटो नं. २४ : मुस्ताङको जोमसोम खण्डमा निर्माण भइरहेको ग्याविन वाल**



स्रोतः उत्तर दक्षिण (कालिगण्डकी) कोरिडोर आयोजना कार्यालय ।

**आ.व. २०७३/७४ को प्रगतिः** आ.व. २०७३/७४ मायसको भौतिक प्रगति ९६ प्रतिशत र वित्तीय प्रगति ९७.१ प्रतिशत रहेको छ । ४० कि.मि. सडक चौडा

गर्नेलक्ष्य रहेकोमा५६ कि.मि.चौडा गरिएको,१५ कि.मि. ग्राभलिङ्ग गर्ने लक्ष्य अनुरुप ३३ कि.मि. सडक ग्राभलिङ्ग गरिएको र६.८ कि.मि. गेवियन वाल लगाउने लक्ष्य रहे पनि ५ कि.मि. मात्रै लगाइएको छ ।

**समष्टिगत प्रगति स्थितिः** कूल ४३५ कि.मि.मध्येहालसम्म २७६ कि.मि. सडक चौडा गरिएको र७९ कि.मि. ग्राभलिङ्ग गरिएको छ । साथै, ३३ कि.मि. गेवियन वाल लगाइएको छ भनेसडक चक्ला बनाउने, साइड पर्खाल लगाउने, कल्भर्ट निर्माण गर्ने लगायतका कार्य भइरहेका छन् । समग्रमा भौतिक प्रगति २८.५ प्रतिशत र वित्तीय प्रगति ८.४ प्रतिशत रहेको छ ।

**आयोजनाले भोल्नुपरेका समस्याहरुः** नवलपरासीको गैडाकोट महेश्वर खोला खण्डमा रुख कटान स्वीकृती नभएको, राम्दी-दरपोक र मिर्मि-सेतिबेनी खण्डमा धार्मिक तथा पर्यटकीयस्थल नजिक रहेकोले बिष्फोटक पदार्थ सहजरुपमा प्रयोग गर्न नमिलेको, माथिल्लो मुस्ताङ क्षेत्रमा अत्यधिक उचाई, अक्सिजनको कमी तथा हावाको वेगका कारणले ६ महिनाभन्दा बढी काम हुन नसकेको र कामदारको अभाव जस्ता समस्याहरु भोल्नु परिरहेको जनाएको छ ।

## ४.१८ उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना

यस आयोजनामार्फत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १९६ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । आ.व. २०६५/६६ देखि शुरु भई २०७० मा सम्पन्न हुने लक्ष्य राखिएकोमा पुनः आ.व. २०७९/८० मा सम्पन्न हुनेगरी म्याद थप गरिएको छ। आयोजनाको कूल लागत रु. ११ अर्ब रहेको छ । यसका लागि आ.व. २०७३।७४ मा रु. १६ करोड २८ लाख विनियोजन गरिएको र नेपाली सेनालाई छुट्टै रु. १९ करोड उपलब्ध गराएको थियो ।

फोटो नं. २५ : कर्णाली कोरिडोर अन्तर्गत नाबोर खोलामा निर्माणाधीन ग्याबियन वाल



स्रोतः उत्तर दक्षिण कर्णाली कोरिडोर आयोजना कार्यालय।

**आ.व. २०७३/७४ को प्रगतिः** आयोजनाको कूल ९५ कि.मि.मध्ये आ.व. २०७३।७४ मा ७ कि.मि. ट्र्याक खोल्ने, १० कि.मि. चौडा गर्ने र ०.२ कि.मि. गेवियन वाल निर्माण गर्ने लक्ष्य राखिएकोमा उक्त आ.व.मासमग्र भौतिक प्रगति ९५.५ प्रतिशत र वित्तीय प्रगति ८२.९ प्रतिशत रहेको छ।

**समष्टिगत प्रगति स्थितिः** हालसम्म कूल ९५ कि.मि.मध्ये ८३.२ कि.मि. ट्र्याक खोलिएको, २५ कि.मि. सडक चौडा गरिएको, १० कि.मि.मध्ये ०.७५ कि.मि. गेवियन वाल लगाइएको छ। समग्रमा हालसम्म यस आयोजनाको भौतिक प्रगति १२.५ प्रतिशत र वित्तीय प्रगति ७.७ प्रतिशत रहेको छ।

**आयोजनाले भेल्नुपरेका समस्याहरुः** विस्फोटक पदार्थको अभाव र भौगोलिक बिकटताले गर्दा निर्माण सामग्री तथा इन्धन ढुवानीमा कठिनाइ हुनुका साथै सञ्चारको समेत समस्या रहेको छ।

## ४.१९ काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

बारा जिल्लाको निजगढदेखि राजधानी काठमाण्डौंसम्म चार लेनमा निर्माण हुने यो सडकको कूल लम्बाई ७६.४ कि.मि. रहेको छ। यो सडकलाई तराईका जिल्लाहरुलाई काठमाडौंसंग जोड्न द्रुतमार्गको रुपमा लिइएको छ। आ.व.२०६४/६५ मा शुरु भई ०७७/७८ सम्ममा सम्पन्न हुने अनुमान रहेको यस आयोजनाको कूल लागत रु. १११ अर्ब रहने अनुमान गरिएको छ।

आ.व.२०७३/७४ मा यस आयोजनामा रु. १००० करोड विनियोजन गरिएको थियो भने चालू आ.व. मा रु. १०१४.४८ करोड विनियोजन गरिएको छ ।

**फोटो नं. २६ : काठमाण्डौ तराई-मधेस द्रुतमार्गको बाराको निजगढ खण्डमा खोलिएको ट्रयाक**




स्रोत :www.google.com

**आ.व. २०७३/७४ को प्रगतिः** आ.व. २०७३/७४ मायस आयोजनाको भौतिक प्रगति ०.२ प्रतिशत र वित्तीय प्रगति ६.१ प्रतिशत रहेको छ । आयोजनाले यातायात सञ्चालनका लागि ट्रयाक सफा गरेको र एक कि.मि. नयाँ ट्रयाक खोलेको छ ।

**समष्टिगत प्रगति स्थितिः** आयोजनाको पूरै ट्रयाक खोलिएको र यातायात सुचारु गर्न सकिने गरी ट्रयाक सफा गरिएको छ ।

**आयोजनाले भोल्नुपरेका समस्याहरुः** जग्गा अधिग्रहणमा समस्या, मुआब्जा तथा रेखाङ्कनमा हुने विवाद एवम् निर्माणको मोडालिटी प्रस्ट नहुनु मुख्य समस्याको रुपमा रहेका छन् ।

## ४.२० मेलम्ची खानेपानी आयोजना

मेलम्ची र मण्डन उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले ५ चरणमा गरी काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ। सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ कि.मी. सुरुङ्गमार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी आपूर्ति गराउने लक्ष्य छ ।

आ.व. २०५८/५९ मा शुरु भई आ.व. २०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा चौथो पटक संशोधन गरी आ.व. २०७४ असोजसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सन् २००८ को कूल लागत रु. ३१७३ करोडबाट सन् २०१४ मा रु. ३५५४ करोड पुगेको छ । आ.व.२०७३/७४ मा यसका लागि कूल रु. ५९८ करोड विनियोजन गरिएको थियो भने चालू आ.व. २०७४/७५ मा रु. ६५७करोड विनियोजन भएको छ ।

**फोटो नं. २७ : पानी प्रशोधनका लागि बनाइएका सुन्दरीजल बेसिनहरु ।**



स्रोतः मेलम्ची खानेपानी आयोजना कार्यालय ।

**आ.व. २०७३/७४ को प्रगतिः** आ.व. २०७३।७४ को भौतिक प्रगति ८१.७ प्रतिशत र वित्तीय प्रगति ९२.७ प्रतिशत रहेको छ।हेड वर्क्सतर्फ ४१ प्र.श. प्रगति भएको, कूल २७.५८ कि.मि. सुरुङ्गमध्ये ७.२ कि.मि. खनेको, दुईवटा पानी प्रशोधन केन्द्रमध्ये एउटाको १०० प्रतिशतर अर्कोको २० प्रतिशत काम भएको छ ।

**फोटो नं. २८ : मेलम्ची खानेपानी आयोजनाको ग्यालथोक साइटमा निर्माण भइरहेको सुरुङ्ग**



स्रोतः मेलम्ची खानेपानी आयोजना कार्यालय ।

**समष्टिगत प्रगतिस्थिति:** आयोजनाको समष्टिगत भौतिक र वित्तीय प्रगति क्रमशः ९०.१ प्रतिशत र ९६.८ प्रतिशत रहेको छ । कूल २७.५ कि.मी.मध्ये आ.व. २०७३/७४ सम्ममा २५.०८ कि.मी. सुरुङ्ग निर्माण भैसकेको छ ।हेडवर्क्सतर्फ ७० प्रतिशत कार्य सम्पन्न भएको छ। एउटा ८.५ करोड लिटर क्षमताको पानी प्रशोधन केन्द्रको काम सम्पन्न भएर बाग्मतीको पानी हालेर परीक्षण गर्ने काम भइरहेको छ । त्यस्तै, अर्को त्यति नै क्षमताको पानी प्रशोधन केन्द निर्माणको प्रक्रिया अगाडि बढेको छ । काठमाण्डौ उपत्यका एवम् मेलम्ची खानेपानी आयोजना क्षेत्रमा सडक निर्माण तथा पाइप बिछ्याउने कार्य भैरहेको छ। मेलम्चीको मुहानदेखि सुन्दरीजल पानी प्रशोधन केन्द्रसम्मको २७.५ कि.मि. सुरुङ्गमध्ये २०७४ आश्विनसम्ममा १.५ कि.मि. मात्रै खन्न बाँकी रहेको छ।

**आयोजनाले झेल्नुपरेका समस्याहरु:** सुरुङ निर्माणको क्रममा सिन्धु ग्याल्थुम खण्ड तथा सुन्दरीजल सिन्धु खण्डको विभिन्न भागमा कमजोर चट्टान भेटिएको, निर्माण व्यवसायीले श्रोत परिचालन गर्न नसकेको तथा उपकरणहरु विग्रने, स्थानीय निर्माण व्यवसायी एवं आपूर्तिकर्ताबाट निर्माण कार्यमा अवरोध भएको, पानी प्रशोधन केन्द्र संचालनका लागि आवश्यक केमिकल तथा पावर सप्लाई समयमा हुन नसकेको जस्ता समस्याहरु रहेको भएतापनि हाल निरन्तर रुपमा काम संचालन भइरहेको छ ।

## ४.२१ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

नेपाल सरकारको पूर्ण लगानीमा संचालन भइरहेको यो आयोजना आ.व. २०६७/६८ बाट शुरु भइ सालबसाली कार्यक्रमको रुपमा रहँदै आएको छ । चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने, उपल्लो तटीय वासिन्दावीच समूह संजालीकरण गर्ने र नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने लक्ष्य यसमा रहेको छ। यस कार्यक्रमका लागि आ.व.२०७३/७४ मा रु. १८४ करोड विनियोजन गरिएको थियो भने चालू आ.व. २०७४/७५ का मा रु. १९१ करोड विनियोजन भएको छ ।

**फोटो नं. २९ : राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा माननीय सांसदहरुको अवलोकन**



स्रोतः राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति ।

**आ.व.२०७३/७४ को प्रगतिः** यसकार्यक्रमकोआ.व. २०७३।७४ को भौतिक प्रगति र वित्तीय प्रगति दुवै ९३.२ प्रतिशत रहेको छ। कर्मचारी तथा व्यवस्थापन टिमलाई भौगोलिक सूचना प्रणाली (जि.आइ.एस.) तालिम दिइएको छ ।

**समष्टिगत प्रगति स्थितिः** यस कार्यक्रमको समष्टिगत भौतिक प्रगति ९२.५ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ९२.२ प्रतिशत रहेको छ ।नयाँ विरुवा खरिदप्रक्रियामा रहेको, विभिन्न प्रजातिका विरुवा उत्पादन गर्ने, चुरेको डढेलो नियन्त्रण, वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिव तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षरोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन् । चुरे संरक्षण विधेयक तर्जुमा सम्बन्धमा अवधारणा पत्र तयारी कार्य अन्तिम चरणमा रहेको छ ।

**आयोजनाले भोग्नुपरेका समस्याहरुः** चुरे क्षेत्रमा एकीकृत बस्ती व्यवस्थापन नहुनु, निजी जमिन अन्तर्गत रहेका ढुंगाखानी उत्खनन् तथा नियमन नहुनु र भू-उपयोग नीति कडाइकासाथ लागू नहुनु जस्ता समस्या रहेका छन् ।

## ५. निष्कर्ष :

समग्रमा राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति मिश्रित देखिएको छ । तुलनात्मक रुपमा सिंचाइ आयोजनाहरु सन्तोषजनक रुपमा कार्यान्वयन भइरहेको भए पनि विमानस्थल, सडक र जलविद्युत (विशेषतः पश्चिम सेती) आयोजनाको प्रगति सन्तोषजनक रहेको छैन । यी आयोजनाहरुलाई साधनको सुनिश्चितता गर्ने नीतिगत प्रतिवद्धता अनुरुप आबश्यक वजेट विनियोजन भइरहेको भए तापनि खर्च भने निकै न्यून मात्र हुन सकेको देखिएको छ । राष्ट्रिय गौरवका आयोजना भए पनि कार्यान्वयन क्षमताको अभाव, स्थानीयस्तरमा विभिन्न माग राखी दिइने दवाव, जग्गा प्राप्तिमा कठिनाई, निर्माण व्यवसायीको कमजोर व्यवस्थापन, अन्तर निकाय समन्वयको अभाव र समयमै कार्यान्वयन पद्धति स्पष्ट नहुंदा प्रगति पछाडि परेको अवस्था छ । कतिपय आयोजनाको विस्तृत संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन ढाँचा सहितको समयबद्ध कार्ययोजना नै नभएको र अन्य केही आयोजनाको समय र कूल लागत अनुमान हुन बाँकी नै रहेको छ । आयोजनाको व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखबीच कार्य सम्पादन करार गर्ने गरिएको भएपनि त्यसको उचित पालना र अनुगमन हुन नसकेकाले जवाफदेहिता सुनिश्चित हुन नसकेको र आयोजनाको समग्र प्रगति उत्साहजनक हुन नसकिरहेको स्थिति देखिन्छ । जोखिमको अनुमान, समयमै पहिचान र उचित व्यवस्थापन हुन सकिरहेको छैन । अतः यी समस्याहरुलाई समाधान गरी आयोजनाको कार्यान्वयनलाई अग्रगति दिन सम्बद्ध कार्यान्वयन निकायहरुको ध्यान जानु जरुरी छ ।

## अनुसूचि– १

राष्ट्रिय गौरवका आयोजनाहरुको छनौटका आधार, प्रक्रिया, सहुलियत तथा आगामी कदमका सम्बन्धमा आयोगका तत्कालीन माननीय सदस्य (हाल मान( नीय उपाध्यक्ष) डा.स्वर्णिमवाग्लेको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन ।

## राष्ट्रिय गौरवका आयोजना

## छनौटका आधार, प्रकृया, सहुलियत तथा आगामी कदमका विषयमा सुझावहरु

## वैशाख २०७४

नेपालमा राष्ट्रिय गौरवका आयोजनाहरुको विकासक्रम तथा हालसम्मको कार्यप्रगति उपर विस्तृत अध्ययन एवम् विश्लेषणका आधारमा यस्ता आयोजनाहरुको व्याख्या एवम् पहिचान, छनौटका आधार तथा यथोचित सहुलियत एवम् विशेषाधिकारहरु सूचिकृत गर्नका निम्ति विशेष ऐनको मस्यौदा निर्माण गरिनपर्ने सुझाव पेश गरिएको छ । यस्तो ऐन राष्ट्रिय गौरवका आयोजना सम्बन्धी छुट्टै विशिष्ट कानून हुनसक्छ अथवा राज्यका समस्त विकास आयोजनाहरुको सञ्चालन सम्बन्धमा बनाइएको वृहत्तर कानूनको एक अंशका रुपमा पनि राख्न सकिनेछ । साथै, राष्ट्रिय योजना आयोगबाट पनि विकास आयोजनाहरुको अप्रेजल तथा मूल्यांकनसम्बन्धी प्राविधिक हाते पुस्तिका तयार गर्नुपर्ने देखिन्छ । यसै सन्दर्भमा, निम्न सुझावहरु प्रस्ताव गरिएको छ ।

### १. परिभाषा

नेपाली भूभागमा, निश्चित समयावधिभित्र सक्ने लक्ष्यका त्यस्ता आयोजनाहरु राष्ट्रिय गौरवका हुन् जसले आम नेपाली जनताको गुणस्तरीय जीवन तथा साझा पहिचानमा सकारात्मक अभिवृद्धि ल्याउन आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय दृष्टिले प्रभावकारी हुने विश्वास नेपाल सरकारले लिएको हुनेछ ।

### २. पूर्व छनौटका आधारहरु

राष्ट्रिय गौरवका आयोजनाहरुको विस्तृत मूल्यांकन तथा छनौट मापदण्डहरुको सूचि निम्न आधारहरुमा प्रस्तुत हुन आवश्यक देखिन्छः

क. रणनैतिक आधारः परिवर्तनको आधार कस्तो छ ? यो किन आवश्यक छ ?

ख.  विकासको आधारः आयोजनाले आम समुदायमा ल्याउन सक्ने आर्थिक, सामाजिक, सांस्कृतिक र/वा वातावरणीय मूल्य के हो ? र कसरी? यसको मूल्य कस्तो चुकाउनु पर्ला ? अरु के विकल्पहरु विद्यमान छन् ? राष्ट्रिय समावेशीकरण र एकीकरणमा विषयमा पनि यसका केही विशेष फाइदाहरु छन् कि ?

ग.  वित्तीय आधारः खर्चले धान्न सकिने छ ?

घ.  प्राविधिक आधारः के सबै प्रविधिहरु जानिएको छ? जाँचिएको छ ? र उपलब्धता कस्तो छ ?

ङ.  व्यवस्थापकीय आधारः के आयोजना कार्यविभाजन, अनुगमन र मूल्यांकनका निम्ति योग्य छ ?

## ३. कार्यप्रणाली

क.  नौ महिनाभित्रमा राष्ट्रिय योजना आयोगबाट अप्रेजल र मूल्यांकन विधिसहितको एउटा विस्तृत हाते पुस्तिका (हरियो पुस्तक) प्रकाशित हुनुपर्ने ।

ख.  सम्बन्धित सरकारी विभाग तथा निकायहरुलाई प्राविधिक विषयमा तालिम दिइनुपर्ने, यदि यस्तो सामर्थ्य स्वदेशमा छैन भने यस कामका निम्ति अन्तर्राष्ट्रिय विज्ञलाई नियुक्त गर्न सकिने । यस विषयलाई स्थापित गर्नका निम्ति प्रयोग हुने उदाहरणहरुमा आर्थिकतथा गैर-आर्थिक मापदण्डहरु निम्नानुसार हुनेछन् ।

अ.  आर्थिक तथा सामाजिक प्रतिफल दर, जसमाः

१.  लाभ-लागत विश्लेषण, गैर-व्यापारिक प्रभावहरुको मूल्यांकन सहित ।

२.  आन्तरिक प्रतिफलदर (छुट दर, खूद वर्तमान मूल्य) ।

३.  जोखिमको मूल्य, अनिश्चितताको विश्लेषण र आशावादी पूर्वाग्रह (optimism bias)

४.  वितरणात्मक प्रभाव (Distributional Impact) ।

आ. क्षेत्रीय तथा विश्व पर्यावरणीय सुनिश्चितताका निम्ति प्रमुख

योगदान, मौसम परिवर्तन न्यूनीकरण सहित।

१. वार्षिक वजेटको आकार र राष्ट्रिय तथा क्षेत्रगत उत्पादनमा त्यसको योगदान ।

२. वृहद् स्तरमा रोजगारको सृजना गर्नसक्ने एवम् गरिवी र असमानताको न्यूनीकरण गर्नसक्ने सम्भाव्यता ।

३. अन्तर प्रादेशिक स्तरमा नेपाली-नेपाली बीच सम्बन्ध र एकीकरण गर्नसक्ने सम्भाव्यता, र वैश्विकस्तरमै नेपाल र नेपालीको पहिचान र छवि अभिवृद्धि गर्ने प्रकृतिको ।

४. मूल्यांकनको कार्यलाई सकेसम्म वस्तुपरक तुल्याउन, समग्र सूचकांकहरुको यस्तो म्याट्रिक्स तयार पारिनेछ जसले आर्थिक तथा गैर आर्थिक दुबै सूचकांकलाई उपयुक्त भार प्रदान गर्नेछ ।

## ४. छनौटको प्रशासनिक विधि

क. विस्तृत परियोजना प्रनतवेदन मार्फत जब कुनै मन्त्रालयले द्रुत मूल्यांकन गर्दै व्यावसानयक प्रकरण (case) तयार गर्नेछ । त्यसलाई स्वतन्त्र समीक्षार पुनरावलोकन एवम् थप मूल्यांकनका निम्ति राष्ट्रिय योजना आयोगमा प्रेषित गरिनेछ ।

ख. निजी क्षेत्र अथवा गैर सरकारी संस्थाहरुले पहिचान गरेका सम्भाव्य राष्ट्रिय गौरवका आयोजनाहरु पनि राष्ट्रिय योजना आयोगमा पठाउन सकिनेछ ।

ग. राष्ट्रिय गौरवका आयोजनाहरुलाई निम्न पक्षहरुमा उपयुक्तताको सुनिश्चितता गर्नराष्ट्रिय योजना आयोगले यसका कुनै एक वा बढी सदस्यहरुको नेतृत्वमा दुई चरणको परिशोधन (filter) प्रक्रिया स्थापना गर्नेछः

अ. दीर्घकालीन राष्ट्रिय एवम् विषयगत योजना/दृष्टिकोणसंगको तादात्म्यता ।

१. राष्ट्रिय प्राथमिकता अनुरुपको आयोजना छैन भन्नेनिश्चित

भएमा एक महिनाभित्रै उक्त आयोजना प्रस्ताव अस्वीकृत गरिनेछ ।

आ. राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय क्षेत्रमा परिवर्तनकारी

१. आयोजनाको वृहद्तर लक्ष्य दीर्घकालीन राष्ट्रिय वा विषयक्षेत्रगत लक्ष्यलाई समर्थन गर्ने प्रकृतिको छ भने द्रुत मूल्यांकनका आधारमा आयोजनालाई “विचाराधिन राष्ट्रिय गौरवको आयोजना” का रुपमा घोषणा गरिनेछ र १ वर्ष भित्रमै त्यसको अन्तिम टुंगो दिइसकिनेछ ।

२. आयोजनालाई औपचारिक रुपमा अस्वीकृति वा अनुमोदन दिनुभन्दा पहिलेका वाह्र महिनाभित्रमै उक्त आयोजनाको विस्तृत मूल्यांकन कार्य गरिसकेको हुनुपर्नेछ ।

३. सरकारी आयोजना वा सार्वजनिक-निजी क्षेत्रका आयोजनाका हकमा आयोजना अवधिभरमा लगानीको सुनिश्चितता सहितको लिखित सहमति अर्थ मन्त्रालयबाट प्राप्त गर्नु पर्नेछ ।

घ. माथि उल्लेखित प्रकृयाहरु सरकारी कर्मचारी वा स्वतन्त्र रुपमा नियुक्त विज्ञको सहयोगमा राष्ट्रिय योजना आयोगका सदस्यहरुले सुपरीवेक्षण गर्नेछन् । यसको प्रतिवेदन राष्ट्रिय योजना आयोगको औपचारिक वैठकमा छलफल र निर्णयार्थ प्रेषित गरिनेछ । आयोगको उक्त वैठकको नेतृत्व सम्माननीय प्रधानमन्त्री वा आयोगका उपाध्यक्ष जोसुकैबाट हुन सक्नेछ । तर, मुख्य सचिव र अर्थ मन्त्रालयका सचिव (पदेन सदस्य) हरुको उपस्थिति अनिवार्य रहनुपर्नेछ । विचाराधिन रुपमा रहेको आयोजना कुनै मन्त्रालयसंग प्रत्यक्ष सरोकार राख्दछ भने उक्त मन्त्रालयका सचिवलाई पनि उक्त वैठकमा आमन्त्रण गर्न सकिनेछ । यसैगरी आयोगका माननीय उपाध्यक्षले आवश्यक ठानेका कुनै विज्ञ पनि वैठकमा आमन्त्रित हुन सक्नेछन् ।

ङ. राष्ट्रिययोजना आयोगबाट अनुमोदन प्राप्त गरे पश्चात् आयोजनाले प्रारम्भिक कार्यविभाजन प्रकृया शुरु गर्न सक्नेछ । सरकारको वार्षिक बजेट वक्तव्य मार्फत लगानीको सुनिश्चितता

एवम् कार्यविभाजनको समयतालिका सहित आयोजनाको औपचारिक घोषणा हुनेछ ।

## ५. विशेष प्रावधानहरु

बजेट वक्तव्यमार्फत एकपटक घोषणा गरिएका र प्रकाशित भएका आयो जनाहरुले निम्न लाभ/विशेषाधिकार प्राप्त  गर्न सक्नेछन् :

क. लगानीको सुनिश्चितता, विदेशी विनिमय र महसुल प्रोत्साहन

अ. राष्ट्रिय गौरवका आयोजनाको निम्ति वहुवर्षीय विनियोजनको ढाँचा निर्माण गरिनेछ जसमा आवश्यकतानुसार आयोजनाको खर्चगर्नसक्ने सामर्थ्य (Absorption Capacity) हेरी समकक्षी/समपूरक कोष (Counterpart Fund) को व्यवस्था हुनेछ ।

आ. विदेशी मुद्रा भुक्तानीको एकमुष्ठ अनुमति प्रदान गरिनेछ ।

इ. आयोजनागत आधारमा वित्तीय प्रोत्साहनको व्यवस्था हुनेछ (जस्तै, तिरेको करको फिर्ता हुने व्यवस्था)

ख. आयोजना तयारीका निम्ति जग्गा प्रान्त  सम्बन्धी व्यवस्थाको सरलीकरण

अ. प्रचलित बजार मूल्य अनुसार क्षतिपूर्तिको व्यवस्था गरी निजी जग्गा प्राप्त गर्नलाई सहजीकरण गरिनेछ ।

आ. विस्तृत आयोजना प्रतिवेदनमा वन क्षेत्रको उपभोगसम्बन्धी विषय उल्लेख भएमा सोको जाँचपड्ताल र उक्त वन क्षेत्र उपभोगको अनुमति प्रदानको विषय सम्बन्धित प्रादेशिक वन कार्यालयलाई हस्तान्तरण गरिनेछ ।

इ. वन क्षेत्रको उपभोगका अवस्थामा अर्को स्थानमा वृक्षरो पणको विद्यमान व्यवस्थाभन्दा लचिलो क्षतिपूर्ति विधिनिर्माण गरिनेछ ।

ई. राष्ट्रिय गौरवका आयोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन ३९ कार्यदिन भित्र टुंगिने र सोही बमोजिमको अनुसरण हुने गरी व्यवस्था मिलाइनेछ ।

ग. ठेक्का व्यवस्थापन:

अ. राष्ट्रिय गौरवका आयोजनाको वहुवर्षीय ठेक्का स्वीकृतिको कामलाई सहज तुल्याउन प्रकृया सरलीकरण गर्ने ।

आ. विद्यमान कानूनहरुको संशोधनद्वारा ठेक्का प्रस्ताव हाल्न हाल लाग्ने समय (स्वदेशी आवेदकलाई ३५ दिन र अन्तर्राष्ट्रियलाई ३ महिना) लाई सारभूत रुपमै घटाउने ।

इ. ठेकेदारहरुको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम प्रस्ताव गर्ने ठेकेदार संस्था/संघहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

ई. बोलकबोल बमोजिमका प्रतिवद्धताहरु पूरा नगर्ने वा त्याग्ने एवम् आयोजनाको समयसीमा बमोजिम काम गर्न नसक्ने ठेकेदारहरुलाई जरिवाना गर्न र भविष्यमा कालोसूचिमा राख्नसक्ने गरी आयोजना प्रमुखलाई नै अधिकारसम्पन्न तुल्याउने ।

घ. प्राकृतिक स्रोतजन्य निर्माण सामग्रीको उपलब्धता

अ. आयोजना प्रमुखको सिफारिश एवम् नियमानुसारको शुल्क/दस्तुर तिर्नेगरी ठेकेदारहरुलाई आयोजनास्थलबाट पायक पर्नेनजीकैको कुनै खानी वा स्रोतबाट आवश्यकतानुसारको नदीजन्य निर्माण सामग्री जस्तै चट्टान, ढुंगा, गिट्टी र बालुवा उत्खननगर्न अनुमति दिइनेछ । तर,विस्तृत आयोजना प्रतिवेदनमै उपयुक्त वा वैकल्पिक खानी स्रोतको पहिचान गरिएको हुनुपर्नेछ ।

आ. स्थानीय सुरक्षा निकाय र अनुगमन समितिको सिफारिशका आधारमा आवश्यकता अनुसार विष्फोटक पदार्थको नियमित आपूर्ति भएको हुनेछ ।

ङ. कर्मचारी व्यवस्थापन तथा कार्यसम्पादन अनुगमन

अ. आयोजना प्रमुख हुनका निम्ति नेपाल सरकारको राजपत्राकिंत प्रथम वा सो सरहको अधिकृत हुनुपर्नेछ ।

आ. आयोजना प्रमुखलाई आफ्नो कार्यभार ग्रहण गर्नु अगावै विशेष प्रकृतिको तालीम अनिवार्य हुनेछ । साथै, कुनै सघन

लापरवाही अथवा भ्रष्ट्राचारको अवस्था वाहेकमा आयोजना अवधिभर आयोजना प्रमुखलाई उक्त पदबाट हटाइने छैन ।

इ. आयोजना प्रमुख र सम्बन्धित मन्त्रालयबीच कार्यसम्पादन करार अनिवार्य हुनेछ । साथै पारदर्शी एवम् वस्तुपरक रुपमा तयार गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीमा आयोजना प्रमुख हकदार रहनेछन् ।

ई. पूर्णकालीन सरकारी अधिकारीहरुबाट मात्र पूरा गर्न नसकिने कार्यका निम्ति कुनै कर्मचारी वा विज्ञलाई कुनै पनि समयमा नियुक्ति दिनसक्ने अधिकार आयोजना प्रमुखमा रहनेछ ।

## ६. सहजीकरण तथा अनुगमन

क. योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको नेतृत्वमा सम्माननीयप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् अर्थ मन्त्रालयका सचिवसहितको अनुगमन समिति राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति अनुगमन गर्न जिम्मेवार रहनेछ ।

ख. प्रादेशिक तहमा एउटा आयोजना सहजीकरण समिति गठन गरिनेछ जसको नेतृत्व निर्वाचित प्रादेशिक प्रमुखको मनोनयनमा एकजना वरिष्ठ अधिकारीले गर्नेछन् भने नेपाली सेना (विस्फोटक पदार्थका निम्ति), वन कार्यालय र महालेखा नियन्त्रक कार्यालयका अधिकारीहरु सदस्यका रुपमा रहनेछन् । यस समितिको वैठक महिनाको कम्तीमा एकपटक बस्नेछ र कुनै वाधा अड्चन उत्पन्न भएका अवस्थामा सहयोगका लागि एवम् प्रतिवेदन प्रस्तुतार्थ केन्द्रीय समकक्षीसंग सरोकारमा रहनेछ ।

## ७. विद्यमान राष्ट्रिय गौरवका आयोजना

क. यी नियमहरु नयाँ प्रस्तावहरुका निम्ति मात्र लागू हुनेछन् ।

ख. कार्यान्वयनमा देखापरेको कुनै अनुचित ढिलाई, ठोस लापरवाही वा स्थानीय सरोकारवालाहरुको विशेष अवरोध देखापरेका विद्यमान राष्ट्रिय गौरवका (अनुसूचि १ बमोजिम) आयोजनाहरुलाई राष्ट्रिय समन्वय समितिले सूचिबाट हटाउन सक्नेछ ।

## ८. समर्थन

क. यस लिखतमा उल्लेख गरिएका सुझावहरुलाई औपचारिकता प्रदान गर्नु अघि राष्ट्रिय योजना आयोगको समर्थन आवश्यक पर्नेछ ।

ख. मन्त्रिपरिषद्को निणयार्थ प्रस्ताव तयार पारिनेछ ।

## ९. समितिको संरचना

१. डा. स्वर्णिम वाग्ले, संयोजक, सदस्य, राष्ट्रिय योजना आयोग

२. केदार बहादुर अधिकारी, सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

३. लाल शंकर घिमिरे, सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय

४. मधु कुमार मरासिनी सह-सचिव, अर्थ मन्त्रालय

५. रामेश्वर दंगाल र दामोदर रेग्मी, सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

६. डा. तीर्थ राज ढकाल,सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय

७. राम प्रसाद लम्साल,सह-सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय

८. सञ्जय कुमार खनाल,सह-सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय

९. प्रेम नारायण कँडेल,सह-सचिव, वन तथा भूसंरक्षण मन्त्रालय

१०. लोकनाथ घिमिरे, सहायक वन अनिकृत, वन तथा भूसंरक्षण मन्त्रालय

११. चित्राङ्गत बराल, कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोगको सचिवालय

# अनुसूचि- २

## राष्ट्रिय गौरवका आयोजनाहरुको तस्विरहरु

**बबई सिंचाइ आयोजनाको जम्ती वर्गन्डा खण्डमा निर्माणाधिन नहर**



स्रोतः बबई सिंचाइ आयोजना कार्यालय ।

**सिक्टा सिंचाइ आयोजनाको बाँध ।**



स्रोतः सिक्टा सिंचाइ आयोजना कार्यालय ।

**माथिल्लो तामाकोशी ज.वि.आ.को अन्डरग्राउण्ड पावरहाउस ।**



स्रोतः तामाकोशी ज.वि.आ. कार्यालय ।

**गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रनवेको सववेश कार्य ।**



स्रोतः गौतमबुद्ध क्षेत्रीय अर्न्राष्ट्रिय विमानस्थल आयोजना कार्यालय ।

**पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कर्मचारी भवन ।**



स्रोतः पोखरा अन्तर्राष्ट्रिय विमानस्थल कार्यालय ।

**पशुपति क्षेत्र विकास कोषको रक्षेश्वर सत्तल ।**



स्रोतः पशुपति क्षेत्र विकास कोष ।

**लुम्बिनी विकास कोषको मुख्य नहर ।**



स्रोतः लुम्बिनी विकास कोष सचिवालय ।

**कर्णाली कोरिडोरको छोरलंगा क्षेत्रमा निर्माणाधिन सडक**



स्रोतः उत्तर दक्षिण (कर्णाली) कारिडोर आयोजना ।

**उत्तर दक्षिण (कालिगण्डकी) कोरिडारको मुस्ताङमा निर्माणाधिन खण्ड**



स्रोतः उत्तर दक्षिण (कालिगण्डकी) कोरिडार आयोजना ।

**मेलम्ची खानेपानी आयोजनाको केन्द्रिय ल्याव भवन ।**



स्रोतः मेलम्ची खानेपानी आयोजना ।

## राष्ट्रिय योजना आयोगको सचिवालय

सिंहदरबार, काठमाडौं, नेपाल ।

फोन : ०१-४२११९३२, ४२११९३३, फ्याक्स : ०१-४२११७००

इमेल : npcs@npcnepal.gov.np

वेबसाइट : http//www.npc.gov.np